आज मिति २०८१ साल आश्विन २१ गते सोमवारका दिन दिउसो ३.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको २८ औ बैठक बस्यो ।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | अनुपस्थिति |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | श्री उज्जवला थापा श्रेष्ठ | अनुपस्थिति |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थिति |
| २० | सदस्य-सचिव | श्री राम बहादुर के.सी | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थिति |
| २ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थिति |
| ३ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थिति |
| ४ | महाशाखा प्रमुख | श्री तुल्सी भक्त तको | उपस्थिति |
| ५ | शाखा प्रमुख | श्री अभयन्द्र रंजितकार | उपस्थिति |
| ६ | शाखा प्रमुख | श्री श्रीकृष्ण प्रजापति | उपस्थिति |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ७ | सहायक स्तर पाचौ | श्री सुब्रिन कुमार निरौला | उपस्थिति |
| ८ | वरिष्ठ .क. सहायक | श्री सन्दिप प्रजापति | उपस्थिति |

निर्णय नं १ :

मिति २०८१ साल आश्विन ११,१२ र १३ गतेको अविरल वर्षाले क्षति पुर्याएको स्थानमा नगरपालिकाले तत्काल, क्षति न्यूनिकरण रोकथाम गरेको कार्यको समीक्षा गर्दै बाकीं क्षति पुगेको स्थानमा क्षतिको विवरण तयार गरी क्षतिपुर्तिका लागि सम्वन्धित निकायहरुमा अनुरोध गर्ने र आगामी दिनहरुमा यस किसिमका विपदलाई न्यूनिकरण तथा रोकथाम गर्नका लागि देहायका विषयमा सम्वन्धित निकायहरुमा सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

क) यस नगरपालिकामा पर्ने हनुमन्ते खोलाले निकोसेरा, राधेराधे हुँदै सागवारी क्षेत्रमा वर्षातको समयमा व्यापकरुपमा ढुवान भएको हुँदा करिब ३०० रोपनी खेतीयोग्य जग्गा ढुवान भएको साथै करिब १०० वटा घर ढुवानमा परेको र २ वटा पक्की घर क्षति हुने अवस्थामा पुगेको हुँदा खोलाको दुवै किनारमा तटबन्ध सहितको वाल लगाउनु पर्ने।

ख) मध्यपुर थिमि नगरपालिका वडा नं. ३ स्थित कौशलटारबाट बालकोट जाने पक्की पुल जीर्ण अवस्थामा भएको हुँदा नँया पुलको निर्माण गर्नु पर्ने।

ग) मध्यपुर थिमि नगरपालिका वडा नं. १ स्थित धपाहिटीमा मनोहरा खोलाले धार परिवर्तन गरी खेती योग्य जग्गा नोक्सान भएको हुँदा खोलाका दुवै किनारमा वाल लगाउनु पर्ने।

घ) मध्यपुर थिमि नगरपालिका वडा नं. १ स्थित गोरखनाथ मार्गमा पहिरो गई करिब ८ वटा घर जोखिममा पुगेको हुँदा तत्काल प्राविधिक रुपमा अध्ययन गरी पहिरो नियन्त्रणको कार्य गर्नुपर्ने।

ङ) मध्यपुर थिमि नगरपालिका वडा नं. ९ स्थित निलवाराही मन्दिरलाई भूक्षय तथा पहिरोबाट जोगाउनको लागि तत्काल पहिरो तथा भूक्षय नियन्त्रण गर्नुपर्ने।

च) मध्यपुर थिमि नगरपालिका हुँदै बग्ने हनुमन्ते र मनोहरा खोलाको किनारामा लगाईएको वालको उचाई कम हुँदा वर्षातको समयमा वस्तीमा पानी पसी ढुवान हुने भएको हुँदा प्राविधिक मूल्याङ्कनको आधारमा वालको उचाई थप गर्नु पर्ने।

छ) यस नगरपालिका वडा नं ३ स्थित कौशल्टार बाट सुर्य विनायक नपा वडा नं २ जोड्ने फलामे पुल क्षेती हुन लागेकोले मर्मत सम्भार गर्न पर्ने ।

निर्णय नं २ :

यस नगरपालिका क्षेत्रमा परम्परा देखि सञ्चालनमा रहेको धर्म, संस्कृति, सञ्चालनको क्रममा नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग सरलिकृत गर्ने तथा कार्यक्रम छिटो कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कार्यविधिहरु तर्जुमा गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ३ :
यस नगरपालिकाका करारमा कार्यरत कर्मचारीहरुका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन कार्यविधि निर्माण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ४ :
यस नगरपालिका र शिखर हिमालयन सेक्युरिटी सर्भिस प्रा.लि बिच २०७४ श्रावण देखी २०७५ असार मसान्त सम्म मासिक रु. ६०,०००।( साठी हजार मात्र) दिने गरी यस कार्यालयको सुरक्षाको लागि मिति २०७४।०६।३० मा सम्झौता भई सो प्रा.लिको २०७४ साल श्रावण ,भाद्र , असोज र दशैं खर्च भूक्तानी भएको र २०७४ कार्तिक देखी २०७५ असार मसान्त सम्मको रु. ५,४०,००० (अक्षरेपि पाच लाख चालिस हजार मात्र ) भुक्तानी बाकी भएकोले बाकी भुक्तानी चा.लु आ.बमा अन्य कार्यक्रममा विनियोजित वजेट शिर्षकबाट खर्च ब्यहोर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५ :
सम्मानित सर्वोच्च अदालत फैसला कार्यन्वयन निर्देशनालय बबरमहल काठमाण्डौंको प.स. ०८१/८२ च.नं. १५१ मिति २०८१/०६/१५को आदेश कार्यन्वयन सम्बन्धि पत्रको सम्बन्धमा छलफल हुदां उच्च अदालत पाटनबाट, भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका वडा नं.३ साविक वडा नं. १५ नापी नक्शा सिट. नं. १०२-१२३०-०१को **"विवादित कि.नं. २६को जग्गा अरनिको राजमार्गको लागि नेपाल सरकारबाट अधिग्रहण भइ सकेको देखिदा नेपाल सरकारको नाममा रहेको सो जग्गामा निर्माण भएको संरचनाको सम्बन्धमा सम्बन्धित नगरपालिकालाई आवश्यक काम कारवाहीको लागि जानकारी दिनु.."** भन्ने समेत व्यहोराको मिति २०८०/०२/०९ मा फैसला भएको देखिएकोले नगर क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने दायित्व नगरपालिकाको भएको हुँदा उक्त कित्तामा निर्माण भएको भौतिक संरचना ३५(पैंतीस) दिनको सूचना दिई खालि गर्न लगाउने/हटाउन लगाउने ।साथै सम्बन्धित पक्षले आफ्नै तर्फबाट उक्त संरचना खालि नगरे/नहटाएमा नगरपालिकाले हटाई/खाली गराई सो हटाउदा/खाली गराउदा लागेको खर्च समेत निजबाट सरकारी बाकी सरह असुल उपर गर्ने निर्णय गरियो।

निर्णय नं ६ :
मिति २०८१ साल आश्विन ११,१२ र १३ गतेको अविरल वर्षाले क्षति पुर्याएको स्थानहरुमा नगरपालिकाले तत्काल, क्षति न्यूनिकरण एवं रोकथाम गर्दा भएको खर्चहरुको नगर विपद व्यवस्थापन समितिले समेत अनुमोदन गर्ने निर्णय गरेको हुदां विपदको समयमा भएको खर्चको भुक्तानी दिने निर्णय गरियो।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नः ७

स्थानीय संचालन ऐन २०७४ अनुसार पुजीगत भैपरी शिर्षकबाट निम्न बमोजिमको बजेट शिर्षक मा निम्न बमोजिमको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**घटाउने:**

| कार्यालयको कोड नं. | कार्यालयको नाम | कार्यक्रम सङ्केत | कार्यक्रमको विवरण | बजेट उपर्शीषक नं | खर्च उप-शीर्षक नं | स्रोत | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| ८०३३३४०३००१ | म.थि.न.पा. | १ | भैपरी आउने पुजीगत खर्च | ८०३३३४०३००१ | ३१५११ | आन्तरिक स्रोत | नगद | ४८,५५,००० । |

रकम रू,४८५५०००

**बढाउने:**

| कार्यालयको कोड नं. | कार्यालयको नाम | कार्यक्रम सङ्केत | कार्यक्रमको विवरण | बजेट उपर्शीषक नं | खर्च उप-शीर्षक नं | स्रोत | स्रोतको प्रकार | रकम |
|---|---|---|---|---|---|---|---|---|
| ८०३३३४०३००१ | म.थि.न.पा. | | मध्यपुर उज्यालो अभियान | ८०३३३४०३१०१ | ३११५९ | आन्तरिक स्रोत | नगद | २७,००,००० । |
| ८०३३३४०३००१ | म.थि.न.पा. | | जीवन योग प्रयोगशाला भवन निर्माण | ८०३३३४०३१०१ | ३११५९ | आन्तरिक स्रोत | नगद | ५,५०,००० । |
| ८०३३३४०३००१ | म.थि.न.पा. | | नगरपालिका भवनमा आल्मुनियम पार्टिसन गरि कोठा मिलाउने कार्य | ८०३३३४०३१०१ | ३११५९ | आन्तरिक स्रोत | नगद | ९,७०,००० । |
| ८०३३३४०३००२ | म.थि.न.पा. | | भुलंखेल स्थित सहरी स्वास्थ्य केन्द्र आल्मुनियम पार्टिसन गरि कोठा मिलाउने कार्य | ८०३३३४०३१०१ | ३११५९ | आन्तरिक स्रोत | नगद | ६,३५,००० । |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ७ :

मध्यपुर युथ एशोसियशन,मध्यपुर थिमि गट्टाघरको मिति २०८१ ।०६।२० को पत्र अनुसार oct १९-२९ ,२०२४ सम्म मित्रराष्ट्र चिनको Lijiang मा हुन गईरहेको मैत्रीपुर्ण अन्तराष्ट्रिय युथ फुटवल प्रतियोगितामा सहभागी हुन सम्वन्धित खेलाडीहरुको अभिभावकले जिम्मा लिने प्रतिवद्धताका लिएमा नगरपालिकालाई आर्थिक दायित्व नपर्ने गरी सो प्रतियोगितामा सहभागी हुन देहाय बमोजिमका खेलाडीहरु र अफिसियलहरुलाई अनुमति दिने निर्णय गरियो ।

तपसिल

| नाम | पासपोर्ट नं | कैफियत |
|---|---|---|
| आवस खड्का | PA3247560 | खेलाडी |
| स्वर्णिम श्रेष्ठ | BA0033087 | खेलाडी |
| करुण काफ्ले | PA3252849 | खेलाडी |
| बिशेष बस्नेत | PA3253695 | खेलाडी |
| सुशोभित खड्का | PA0840829 | खेलाडी |
| शोयम थापा मगर | BA0033086 | खेलाडी |
| प्रसिद्धा घातानी | PA3253168 | खेलाडी |
| स्वयम भक्ति | PA1269360 | खेलाडी |
| रोहन मोक्तान | BA0221698 | खेलाडी |
| रोजिन सलाजु | PA3247663 | खेलाडी |
| आरुष प्रजापति | PA3269171 | खेलाडी |
| आयन श्रेष्ठ | PA3286121 | खेलाडी |
| विपुलहाङ राई | PA3280470 | खेलाडी |
| महमद अरमान मिया | PA3294179 | खेलाडी |
| सोहाङ राई | PA3261996 | खेलाडी |
| जेनिअम श्रेष्ठ | PA3269070 | खेलाडी |
| अष्ट कुमार कावे | PA3289082 | अफिसियल |
| राजेन महर्जन | 11398160 | अफिसियल |
| उपेन्द्रमान सिंह | 9009777 | अफिसियल |
| राजेश श्रेष्ठ | BA0033949 | अफिसियल |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं : ८

यस नगरपालिकाको **"मध्यपुर थिमि नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका, २०८१" लाई देहाय बमोजिम स्विकृत गर्ने निर्णय गरियो ।**

तपसिल

**"मध्यपुर थिमि नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका, २०८१"**

**प्रस्तावना:**

मध्यपुर थिमि नगरपालिकावाट आमनागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने गरी सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाहरुको सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा संचालन लगाएतको प्रक्रियाहरुको नियमन तथा अनुगमन गरी यहांका नागरिकलाइ गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह गर्ने उदेश्यले स्वास्थ्य सस्था दर्ता,अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका जारी गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र मध्यपुर थिमि नगरपालिकाको स्वास्थ्य सेवा ऐन २०७९ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो निर्देशिका स्वीकृत गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "मध्यपुर थिमि नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका, २०८१" रहेको छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) शाखा भन्नाले मध्यपुर थिमि नगरपालिकाको जनस्वास्थ्य शाखा सम्झनु पर्छ ।

(ख) महाशाखा भन्नाले सामाजिक विकास महाशाखा सम्झनु पर्छ ।

(ग) समिति भन्नाले मध्यपुर थिमि नगरपालिकाको स्वास्थ्य सेवा ऐन २०७९ को दफा ३७ को उपदफा ५ अनुसारको स्वास्थ्य व्यवस्थापन तथा अनुगमन समिति भन्ने वुझाउंछ ।

(घ) "अनुगमन समिति"भन्नाले मध्यपुर थिमि नगरपालिकाले गठन गर्ने अनुसूची १ बमोजिमको समिति सम्झनु पर्छ ।

(ङ) "अनुमति प्रदान गर्ने निकाय"भन्नाले दफा ३ मा उल्लेखित मध्यपुर थिमि नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(च) "मन्त्रालय"भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(छ) "प्रादेशिक स्वास्थ्य संरचना"भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने सामाजिक विकास मन्त्रालय तथा विभाग, महाशाखा सम्झनु पर्छ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(ज) "अस्पताल"भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल (नगरपालिकाबाट संचालित, प्रादेशिक अस्पताल) निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ ।

(झ) "आयुर्वेद अस्पताल" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ होम, पोलीक्लिनिक, पञ्चकर्म अस्पताल समेतलाई जनाउँछ ।

(ञ) "गैरसरकारी अस्पताल" भन्नाले मुनाफारहित उद्देश्यले कुनै संघ संस्था व्यक्ति वा गुठीवाट स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(ट) "डाईग्नोस्टीक सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तैः प्रयोगशाला सेवा, रेडियो ईमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ठ) "निजी अस्पताल वा नर्सिङ्ग होम"भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्ग होम सम्झनुपर्छ ।

(ड) "पोलीक्लिनिक"भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवाआदि जस्ता बहु सेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ ।

(ढ) "कन्सल्टेन्ट" भन्नाले सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमका विशेषज्ञ तालीम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सक सम्झनु पर्छ ।

(ण) "सरकारी अस्पताल"भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनुपर्छ । स्पष्टीकरण : यस खण्डका प्रयोजनका लागि"आंशिक स्वामित्व"भन्नाले नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनुपर्छ ।

(त) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(थ) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफारहित उद्देश्य लिई मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(द) "स्वास्थ्य क्लिनिक"भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउँदछ ।

(ध) "स्वास्थ्य संस्था"भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त अस्पताल, पोलीक्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनुपर्छ र सो शब्दले आयुर्वेद अस्पताल समेतलाई जनाउँछ ।

(न)"संस्थादर्ता गर्ने निकाय"भन्नाले यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा संचालन अनुमति लिनु पूर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय मध्यपुर थिमि नगरपालिका सम्झनुपर्छ ।

(प) "गैरसरकारी अस्पताल"भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भै मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(फ) "भवन संहिता"भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(ब) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसूची-२ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

### ३. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरु :

(१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न देहायका निकायलेअनुमति दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक तथा पन्ध्र शैया सम्मका जनरल अस्पतालका लागि मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसार ।

(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा आयुर्वेद क्लिनिक, सोवारिग्पाआम्ची) क्लिनिक , होमियोप्याथी क्लिनिक, यस्तै प्रकारका अन्य क्लिनिकहरु तथा दश शैया सम्मका अस्पतालका लागि मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसार ।

(ग) फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र(मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपङ्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु मध्यपुर थिमि नगरपालिको निर्णय अनुसार ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

(घ) जेरियाट्रिक परामर्श केन्द्र मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसार ।

(ङ) "डि" र "ई" वर्गको प्रयोगशाला मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसार ।

(च ) पन्ध्र शैया देखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट ।

(छ) मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य संरचनालाई दिनु पर्ने छ ।

**४. पूर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनु पर्ने :**

(१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य सस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि अनुसूची ३ बमोजिमका ढाँचामा मनसाय पत्र समेत निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको पन्ध्र कार्यदिन भित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ :-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्‍याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्‍याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्‍याउने थप योगदान,

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लेखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तीस कार्य दिनभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भए पछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्य दिनभित्रमध्यपुर थिमिनगरपालिकानगर कार्यपालिकाको कार्यालयले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र (Letter of Intent) प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

५. सञ्चालन अनुमति दिन सकिने:

(१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भए पछि सो पूर्वाधार तयार भएको व्यहोरा खुलाई सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्न आवश्यक कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय समक्ष निवेदन दिन सक्नेछ । तर स्वास्थ्य क्लिनिक, तथा अन्य क्लिनिक स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसूची ५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा(१)बमाजिम निवेदन प्राप्त हुन आएमा मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले निवेदन प्राप्त गरेको मितिले दश दिनभित्र अनुगमन समिति खटाउनु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र कार्य दिनभित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस निर्देशिकामा उल्लेखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले पाँच वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले ३० कार्य दिनभित्र निर्णय गरी सक्नुपर्नेछ र सो को जानकारी सम्बन्धित संस्थालाई दिनुपर्नेछ ।

(६) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा(५)बमोजिम अनुमति नलिइकन सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूची-६ मा उल्लेख भएबमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति प्राप्त गर्न सक्नेछन् ।

(७) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थाले अनुसूची -६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पुरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(८) उपदफा (२), (३) र (५) बमाजिम तोकिएको म्यादभित्र अनुमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्ने छ । यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित माथिल्लो निकायले उपदफा (२), (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमति दिन सक्नेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

६. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने :

स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट यस निर्देशिका बमोजिमका प्रकृया पुरा गरी अनुमति प्राप्त गर्नुपर्नेछ ।

७. पुनःअनुमति प्राप्त गर्न निवेदन दिनु पर्ने :

(१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो निर्देशिका प्रारम्भ भए पछि तोकिएको अवधिभित्र पूर्वाधार तयारी योजना-भवन प्रबलीकरण वा नयाँ निर्माण योजना) सहित मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा(१)बमोजिम निवेदन प्राप्त हुन आएमा मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयले त्यस्ता स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार पुरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक बर्षको समयावधि दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थाले प्रत्येक छ/छ महिनामा प्रगति प्रतिवेदन मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रबलिकरण हुने अस्पताल वा नँया निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिईरहेका स्वास्थ्य संस्थाले निर्माण अवधिभरका लागि भवनको कारण वा अस्पतालको औजार उपकरणले हुन सक्ने दुर्घटनाको लागि शैया क्षमता बराबरका संख्यामा प्रतिव्यक्ति पचाँस हजार रुपैया बराबरका सामुहिक दुर्घटना बीमाको व्यवस्था गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमका प्रकृया पुरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

६) अनुमति नलिएका वा निर्धारित अबधिभित्र पूर्वाधार वा मापदण्ड पूरा नगरेका स्वास्थ्य संस्थाको मध्यपुर थिमि नगरपालिका नगरकार्यपालिकाको कार्यालयले बन्द गर्न सक्नेछ ।

७) माथि जुनसुकै कुरा लेखिएको भएता पनि अनुमति प्राप्त गरेर पनि तोकिएको समय भित्र मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थाको अनुमति नगर कार्यपालिकाले जुनसुकै समयमा रद्द गर्न सक्नेछ

८. अनुमति दस्तुर बुझाउनु पर्ने :

स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची ६ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्नेछ ।

९. नविकरण गराउनु पर्ने :

(१) यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र मध्यपुर थिमि नगरपालिका नगर



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालय समक्ष नविकरणका लागि निवदेन दिनुपर्नेछ । मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र आवश्यक जाँचबुझ गरि नवीकरण गर्नु पर्नेछ ।

(२)उपदफा(१)बमोजिम निवेदन प्राप्त भएमा मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले अनुसूची ६ मा उल्लेख भए बमोजिमको दस्तुर लिई तीन वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नविकरण गरिदिन सक्नेछ । तर यो निर्देशिका प्रारम्भ हुनु अघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन बर्षमा नबढाई प्रत्येक एक बर्षका लागि अनुमति नविकरण गरि दिन सक्नेछ ।

(३) उपदफा(१)बमोजिमका अवधिभित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिनाभित्र निवेदन पेश गरेमा दोब्बर नविकरण दस्तुर लिई मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले सेवा सञ्चालन अनुमति नविकरण गरि दिन सक्नेछ ।

(४)उपदफा (२) वा (३) बमोजिमको अवधिभित्र नविकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति पत्र स्वत:खारेज हुनेछ र सोको जानकारी प्रादेशिक स्वास्थ्य संरचनामा समेत दिनु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म अनुमति नविकरण नगरेका स्वास्थ्य संस्थाले तोकिएको समयभित्र अनुमतिका लागि निवेदन दिएमा अनुसूची -६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी नविकरण दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पुरा गरी त्यस्तो अनुमति नविकरण गरिदिन सकिनेछ ।

**१०. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था :**

(१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्व:मूल्यांकन्) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा(१)बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयलले आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४)यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

संस्था र मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयकले समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरि आएको सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिनुपर्नेछ ।

(८) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धीअनुमति लिने प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईने छ ।

**११. निवेदन दिन सक्ने :**

(१) दफा १० को उपदफा (७) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिनभित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनराबलोकनको लागि प्रादेशिक स्वास्थ्य संरचना समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा(१)बमोजिम प्राप्त भएको निवेदन उपर अनुमति प्रदान गर्ने निकायको प्रतिकृया समेत लिई प्रादेशिक स्वास्थ्य संरचनाले छानविन गरी यथाशीघ्र निर्णय गर्नेछ र सो सम्बन्धमा प्रादेशिक स्वास्थ्य संरचनाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१२. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने :**

स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन् ।

**१३. अनुमति खारेजी तथा कारवाही सम्बन्धि ब्यवस्था :**

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

नविकरण गर्नको लागि एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नसक्नेछ ।

(२) उपदफा(१)बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा ९ को उपदफा (५) बमोजिमको अवधिभित्र अनुमति नविकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतःखारेज हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**१४. स्वास्थ्य सेवा सञ्चालन :**

(१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्था आवश्यक कानूनी कारवाहीको लागि संघिय सरकार वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफनो उद्देश्य र क्षमता अनुसार मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछः-

(क) आकस्मिक सेवा,

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियोईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रबर्द्धनात्मकतथाप्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा,

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पतालव्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहर मैला व्यवस्थापन ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## १५. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड :

(१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेका हुनुपर्नेछ :-

(क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवादिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण ९क्ष्लाभअतष्यल एचभखभलतष्यल० को व्यवस्था हुनुपर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागु गर्नुपर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका ( दिन,बार र समय समेतखुल्ने गरी) सवैले देख्ने ठाउँमा राखिएको हुनुपर्नेछ ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनुपर्नेछ ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्नेछ ।

(झ) सवैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र (Patient Charter)अस्पतालमा अनुसूची ७ को ढाँचामा तयार गरी सबैले देख्ने गरी राख्नुपर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुनु पर्नेछ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथाव यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनुपर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएका हुनुपर्नेछ ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ र सो को विवरण अनुसुची ८ बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ र सोको व्यहोरा बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

(न) खण्ड(ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाका व्यवस्था हुनुपर्ने र आवश्यक मात्रामा शैया छुटयाउनु पर्नेछ ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्नेछ ।

(ब) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय र जिल्ला विपद व्यवस्थापन समितिमा दिनु पर्नेछ ।

(भ) अस्पतालले सूचना अधिकारी तोक्नुपर्नेछ ।

## परिच्छेद ४

## अस्पताल सम्बन्धी मापदण्डहरू

१६. अस्पताल सम्बन्धी मापदण्डहरु नेपाल सरकारको स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनुपर्नेछ ।

## परिच्छेद ५

## मानव संशाधनव्यवस्थापन

१७. जनशक्ति विकास योजना:जनशक्ति व्यवस्थापन स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० बमोजिम हुनुपर्नेछ ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ६

## औजारतथाउपकरणहरु

१८. औजार तथा उपकरण सम्बन्धीव्यवस्था स्वास्थ्य संस्था स्थापना, सञ्चालनतथा स्तरोन्नति मापदण्ड सम्बन्धीनिर्देशिका, २०७० बमोजिमहुनुपर्नेछ।

## परिच्छेद ७

## सेवा सम्बन्धी व्यवस्था

१९. सेवा सम्बन्धी व्यवस्था स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० बमोजिम हुनुपर्नेछ ।

२०. स्वास्थ्य क्लिनिक/अन्य क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु :

(१) स्वास्थ्य क्लिनिक/पोलीक्लिनिकमा स्वास्थ्य जाँच गर्न चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवादिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(३) प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नुपरेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पुरा गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/अन्य क्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ :-

(क) बिरामीको जाँच गर्न Ventilated वा AC कोठा सेवा अनुसारको छुट्टा छुट्टै ( कम्तीमा १४ वर्ग मिटरका ) १

(ख) बिरामी बस्ने ठाँउ (कुर्ने ठाउँ) १

(ग) बिरामी जाँच्ने टेबुल १

(घ) चिकित्सकका लागि टेबुल १

(ङ) चिकित्सकका लागि कुर्सी १

(च) बिरामी बस्ने टुल १

(छ) शौचालयको व्यवस्था (अपाङ्गता मैत्री सहित) २

(ज) टेलिफोन, इन्टरनेट र web page

(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचना मूलक पोष्टर तथा अन्य सामग्री

(ञ) स्वच्छ पानीको आपूर्ति



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(ट) निरन्तर विधुत आपूर्ति

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण खुल्ने  तथ्यांक राख्नु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नु पर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पुर्ण कर्मचारीको योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै प्राविधिक कर्मचारीहरुको सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी राख्नुपर्नेछ ।

(९) सेवाशुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(१०) पालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन पालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

२१. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु :

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाईग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहरु समावेश गरिएको छ :-

X-ray (300 mA सम्म)

Ultrasonogram (USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेक थप प्रविधिको लागि माग भएमा पालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ ।

(३) रेडियोलोजी डायग्नोष्टिक तथा ईमेजिङ्ग सेवाबाट पर्ने विकिरणका दूष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ :-

(क) एक्सरेका लागि :

(१) एउटा एक्सरे मेसिनका लागि कम्तीमा २२५ स्क्वायर फिटको कोठा हुनुपर्ने ।

(२) एक्सरे गर्ने कोठाका Wall Thickness

(क) ९ ईञ्च With Plasterof Paris वा

(ख) ६ Inch with 20 mm lead barrier वा

(ग) २.० एम एम lead thickness हुनुपर्ने । साथै झयाल,ढोका तथा भित्ताबाट हुने विकिरणका चुहावट हुन नसक्नेगरी आवश्यक व्यवस्था भएको हुनुपर्ने।

(३) X-ray सेवा प्रदान गर्नेव यक्तिका लागि एक्सरे कोठा भित्र ०.५ mm को एप्रोन तथा radiation protective measures का व्यवस्था हुनु पर्ने ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(४) Radiology मा कार्यरत कर्मचारीहरुका लागि radiation dose monitor उपलब्ध हुनुपर्दछ र समय समयमा Radiation Survey Monitoring गर्नुपर्ने ।

(५) Eye, Gonadal, Thyroid Gland आदिका Protection को लागि Lead glass/gloves/lead apron को व्यवस्था हुनुपर्ने ।

(६) X-ray एक्स्पोज गर्ने कोठा डार्करुम र प्रतिक्षा गर्ने कक्ष छुट्टा छुट्टै हुनुपर्ने ।

(७) च्बमष्यियनथ विभागमा जनसाधारणाले देख्ने ठाउँमा ह(चबथ विकिरणले स्वास्थ्यमा खराव असर पर्न सक्छ भन्ने बारे सूचना गर्ने । साथै सूचनामा गर्भवती महिला तथा बालबालिकालाइ अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने।

(ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता :रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(१) रेडियोलोजिष्ट :- मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातकोतर उतीर्ण गरी रडियोलोजी विषयमा एम डी, डी एम आर डी , एफआर सी आर वा सो सरह कोर्ष उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(२) रेडियोलोजी एण्ड ईमेजिङ्गका रिपोर्टिङ्ग रेडियोलोजिष्टहरुले मात्र गर्न पाउनको साथै Radiological Interventional Procedure हरु पनि यथासम्भव रेडियोलोजिष्टले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३)रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति वा योग्यता निम्न बमोजिम हुनु पर्नेछ :

(क) Medical Physicist M :- Medical Physics विषयमा Bsc वा Msc उत्तीर्ण गरको

(ख) बायोमेडिकल ईन्जिनियर :- बायोमेडिकल ईन्जिनियरिङ्ग विषयामा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकतह उत्तीर्ण गरको हुनुपर्नेछ ।

(ग) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट :- सम्वन्धित विषयमा BSc.Radiography गरी कम्तीमा स्नातकतहमा ३ वर्ष काम गरेका हुनुपर्छ ।

(घ) रेडियोग्राफीक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजिष्ट) :- चिकित्सा शास्त्र अध्ययन संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफीक विषयमा (BSc. MIT, Bsc. RT ) स्नातक तह उत्तीर्ण गरेको हुनपर्ने । साथै (NHPC (Nepal Health Professional Council)मा दर्ता हुनुपर्ने ।

(ङ) रेडियोग्राफर :- चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफी बिषयमा प्रमाण पत्रतह उतिर्ण गरेको हुनुपर्ने ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(ग) Radiation Measurement and Protection सम्बन्धी व्यवस्था : Radiation Protection व्यवस्थित गर्न र X- ray Unit हरुको गुणस्तर नाप गर्नलाई चाहिने आवश्यक उपकरण खरीद गरी स्वास्थ्य मन्त्रालयले तोकेका निकायमा राख्ने र अनुगमन तथा निरीक्षणमा प्रयोग गर्ने र गुणस्तर, Dose Monior गर्ने । विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार कुनै काम गर्ने व्यक्तिमा dose 20 Milisievert per year (WHO) को सन् २००२ को radiation मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिका व्यवस्था सम्बन्धित संस्थाले मिलाउनु पर्नेछ ।

(घ) Ultrasonogram (USG):

(ङ) रेडियोलोजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु :

| क.सं. | विवरण | क्लिनिक | २५ शैया |
|---|---|---|---|
| १. | एक्स रे मेशिन | १०० एम ए –१ | ३०० एम ए १ |
| २. | एक्स रे मेशिनपोर्टेबल (मोबाइल) | स्वेच्छिक | १०० एम ए १ |
| ३. | अल्ट्रासाउण्ड मेशिन | स्वेच्छिक | स्वेच्छिक |
| ४. | जनशक्ति:–रेडियोलोजिष्ट | आंशिक समय | आंशिक समय |
| | सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट | | |
| | रेडियोग्राफिक अधिकृत | १ | १ |
| | रेडियोग्राफर | २ | २ |

(च) स्वास्थ्य मन्त्रालयको स्वीकृति विना च्वमष्यियनथ सम्बन्धी मेशिन नेपालमा पैठारी गर्न पाइनेछैन ।

२२. **प्रयोगशाला सेवा:**

(१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनुपर्नेछ :-

(क) जनरल प्याथोलोजी योग्यता:मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. वि. वि. एस. वा सो सरह उत्तीर्ण गरी MD Path. MRC Path, DCP वा स ेासरह उतीर्ण गरको हुनु पर्नेछ ।

(ख) माईक्रोबायोलोजी योग्यता:मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Microbiology उपाधि प्राप्त ।

(ग) हेमाटोलोजी योग्यता:मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Hameatology उपाधी प्राप्त ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(घ) MD Biochemistry योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधि प्राप्त ।

(ङ ) मेडिकल टेक्नोलोजिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक BMLT उपाधी प्राप्त ।

गर्न पाउने परिक्षणहरु : Histopatholoty, Cytopathology & Bone Marrow Study बाहेकका सवै परीक्षणहरु ।

(च) विशेषज्ञ मेडिकल टेक्नोलोजिष्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातकोत्तर उपाधि MMLT प्राप्त ।

गर्न पाउने परिक्षणहरुः

MMLT/M.Sc.Microiology,MMLT/M.Sc.Haematology,

MMLT/M.Sc.Bio chemistry, MMLT/M.Sc. Cytology गरेकाहरुले जुन विषयमा आफुले उपाधी प्राप्त गरेको छ सोही विषयमा मात्र प्रयोगशाला सञ्चालन गरी बिशेषज्ञ सेवा प्रदान गर्न पाउनेछन ।

(छ) ल्याव टेक्नीशियनः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषमा प्रमाण पत्रतह वा सो सरह उतीर्ण ।

गर्न पाउने परिक्षणहरुः २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी परिक्षणहरु ।

(ज) ल्याव असिष्टेन्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एक बर्ष वा १५ महिनाको ल्या.अ. तालिम पुरा गरी प्रमाण पत्र प्राप्त गरेका ।

गर्न पाउने परीक्षणहरुः १५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी आधारभूत परिक्षणहरु ।

नोटः माथि उल्लेखित जनशक्तिहरुले योग्यता हासिल गरेको विषयको पाठ्यक्रममा उल्लेखित सम्बन्धित परीक्षण गर्न पाउनेछन्।

(२) उपदफा(१)मा उल्लेखित जनशक्तिले आफूले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेका परिषदमा दर्ता हुनु पर्नेछ ।

२३. प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्डः देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछ :-

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाईनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नुपर्नेछ । आइ सी यु सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood gas Analyzer हुनुपर्नेछ ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

(घ) राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकास र भेन्टीलेशनको व्यवस्था हुनुपर्नेछ ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनुपर्नेछ ।

(छ) प्रयोगशालाले फोहर व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनुपर्नेछ ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्थ हुनुपर्नेछ ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनुपर्नेछ ।

(ञ) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसार मात्र सेवा सञ्चालन गर्न पाउनेछ ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नंम्वर उल्लेखित स्ट्याम्प वा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनुपर्नेछ ।

## परिच्छेद ८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

२४. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड:

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाका स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मापदण्डहरुको पालना गर्नुपर्नेछ :-

(क) आयुर्वेद स्वास्थ्य सेवा :

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएको हुनु पर्नेछ । नेपाल सरकारका वहालवाला कर्मचारी भएमा नेपाल सरकारका पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) पञ्चकम सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासनवस्ति र रक्त मोक्षण प्रयोग गर्नुपर्ने र उत्तरवस्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नुपर्नेछ ।

(३) आयुर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनुपर्नेछ ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(४) आयुर्वेद अस्पताल जनशक्ति, भौतिक पूर्वाधार, औजार-उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारको स्वीकृति दिन सकिनेछ ।

(५) बिरामीका उपचारका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नुपर्नेछ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., इ.इ.जी, प्याथोलोजी, रेडियोलोजी तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नुपरेमा सम्बन्धित बिषयका जनशक्ति र सो सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमको पालना गर्नुपर्नेछ ।

(७) इन्टिग्रेटेड क्लिनिक, नर्सिङ्ग होम वा अस्पताल भर्ना स्वीकृतिका लागि माग भएमा कुन कुन बिषय र सेवा दिने उद्देश्य राखिएको हो? सो प्रष्ट उल्लेख गरि सोही बमोजिमको जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नुपर्नेछ ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि, रसौषधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकम अन्तर्गतका निराग्नी स्वेद (जल, वायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्नि स्वेदन, अभ्यङ्ग ९:बककबनभ0, सत्वावजय चिकित्सा(योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोकथाम वा दीर्घ जीवनका लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पुरा गरि जुन सुकै नाममा संचालन भएता पनि आधार ग्रन्थ सहित मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइनेछ ।

(ख) आयुर्वेद चिकित्साअन्तरगत रहने सेवाहरु: चिकित्सा सेवा :

१. रोग उपचार (आतुर विकार प्रशमन)

(क) युक्तिव्यापाश्रय चिकित्सा

(ख) संशमन (औषधि चिकित्सा)

(ग) संशोधन-वमनादिपञ्चकम शोधन चिकित्सा)

## परिच्छेद ९
## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

२५. अभिलेख तथा प्रदिवेदन:

(१)प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफुले प्रदान गरेको सेवाको प्रतिवेदन पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीको ढाँचामा सम्बन्धित पालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३
राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

(३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली सम्बन्धि तालिम लिने व्यवस्था गराउनुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण क्ष्क्ष्म् ज्ञण अनुसार अयमष्लन गरी प्रतिवेदन गर्नुपर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफनो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनुपर्नेछ ।

(६) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको notifiable diseases का विरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालय (जनस्वास्थ्य शाखा) मा सुचना गर्नुपर्ने छ ।

## परिच्छेद १०

## सञ्चालन अनुमति नविकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

२६. सञ्चालन अनुमति नविकरण नहुने:

(१) यस निर्देशिकामाअन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नविकरण गरिनेछैन :-

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन सम्बन्धित पालिकाको कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा पालिकाको कार्यालयले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समय भित्र भुकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।



राज बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

२७. खारेजी गर्न सकिने :

(क) यो निर्देशिका प्रारम्भ हुन अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाइ सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

(ख) गैर कानूनी कियाकलाप गरेको पाईएमा मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले सम्बन्धित सेवा निलम्वन वा त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

(ग) दफा २७ र २८ मा तोकिएका कार्यहरु उलंघन गरेमा ।

## परिच्छेद ११

## विविध

२८ सेवा **शुल्क निर्धारण सम्बन्धी व्यवस्था** :

(१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड प्रचलित बजार मूल्यको आधारमा सेवा शुल्क निर्धारण हुनेछ ।

२९. **मापदण्ड तथा अनुसूचीमा हेरफेर :** मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाले यस निर्देशिकामा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।

३०. **व्याख्या गर्ने अधिकार :** यस निर्देशिकामा उल्लिखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाको कार्यालयले सो मापदण्डको व्याख्या गर्नेछ।

३१. **स्वतःअमान्य हुने** : यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनको कुनै व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म स्वतःअमान्य हुनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि अनुगमन समिति सम्बन्धी व्यवस्था

(दफा २ को खण्ड (क) सँग सम्बन्धित) पालिकास्तरीय

| | |
|---|---|
| १ .जनस्वास्थ्य शाखा प्रमुख म.थि.न.पा | - संयोजक |
| २. मेडिकल अधिकृत | - सदस्य |
| ३. ल्याब टेक्नीसियन/अधिकृत | - सदस्य |
| ४. रेडियोग्राफर/अधिकृत | - सदस्य |
| ५. पब्लिक हेल्थ नर्स/अधिकृत म.थि.न.पा | - सदस्य |
| ६. इन्जिनियर (सिभिल) म.थि.न.पा | - सदस्य |
| ७. जनस्वस्थ्य निरिक्षक म.थि.न.पा | सदस्य- सचिव |

पूनश्चः पालिकाको कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय तथा पालिका/जिल्लामा अवस्थित सरकारी अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम गर्ने ।

नोटः समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न सक्नेछ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत


## अनुसूची २

## भवन सम्बन्धी मापदण्ड

### (दफा २ को खण्ड (प) सँग सम्बन्धित)

काठमाण्डौ उपत्यका बाहिर निर्माण गरिने स्वास्थ्य संस्थाकाहरुमा मापदण्डमा उल्लेख गरिएका भए सोही अनुसार तथा नभएकाहरुमा देहायका मापदण्ड अनुसार कायम गरिनु पर्नेछ ।

- अधिकतम ग्राउण्ड कभरेज - ४० प्रतिशत
- Floor Area Ratio (FAR)– २.५
- न्युनतम पार्किङ स्थल - जम्मा जग्गाका २५ प्रतिशत
- लाईट प्लेन भवनका सेट ब्याक ९क्भत द्यबअप०- कम्तिमा ३ मिटर भवनका चारैतिर
- लाईट प्लेन ढीष्नजत एबिलभ०- ६३.५ डिग्री



अनुसूची ३

**पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि निवेदनको ढाँचा**

**(दफा ४ को उपदफा(१) सँग सम्बन्धित)**

श्री ...............................................................

...............................................................

............................................................... ।

निम्नानुसार प्रस्तावित अस्पतालका संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेका छु/छौ।

निवेदन फाराम:

कार्यकारी अधिकृत/संचालन समितिका तर्फबाट

................................

.............................

१. अस्पतालको नाम :- शैया संख्या :-

२. साधारण सेवा/विशेषज्ञ सेवावा अस्पताल के हो उल्लेख गर्ने :-

३. अस्पतालको ठेगाना (पत्राचार गर्ने ठेगाना) :- पालिका : -

वडा नं. :- टोल :- ब्लक नं. :-

टेलिफोन :- मोबाइल :- पो.ब.नं. :-

४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र):-

नाम :- ठेगाना :-

नागरिकता नः :- मोबाइल नं. :- फोन नं. :-

५. अस्पतालका लागि आवस्यक जग्गा र स्वामित्वका प्रकार

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकार :

(ख) लिजमा भए कबुलियतनामा पेश गर्ने :

६.अस्पतालका वित्तीय स्रोत :-

(क) निजी लगानी (ख) बैंक कर्जा (ग) सरकारी

(घ) अनुदान सहयोग

(ङ) गैरसरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सोको विवरण

(च) अन्य वित्तीय लगानी :- (स्थीर पूँजीलागत) रु. ...................



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(क) भवन तथा जग्गाको लागि :- रु. ...................

(ख) औजार उपकरणको लागि :- रु. ...................

वित्तीय लगानी (चालु पूँजी लागत) रु. .................

रोजगार संख्या :-

अनुमानित आम्दानी :- रु. .................

अनुमानित मुनाफा :- ................ मासिक :- रु. ..............

त्रैमासिक :- रु..................... वार्षिक :- रु. ................

७. देहायका विषयहरु समेत समावेश भएको व्यावसायिक कार्ययोजना

(क)स्वीकृत संस्थाबाट प्रदान गर्ने सेवाहरूका विवरण :

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| • एक्स-रे<br>• अल्ट्रासाउण्ड<br>• इन्डोस्कोपी<br>• इसीजी, ट्रेडमिल<br>• प्रयोगशाला<br>• ............... | • खोप<br>• गर्भवती, सुत्केरी जाँच<br>• परिवार नियोजन<br>• ....................<br>• ....................<br>• .................... | प्रसूतितथा स्त्री रोग<br>जनरल मेडिसिन<br>जनरल सर्जिकल<br>विशेषज्ञ सेवा : जस्तै प्रसूति सेवा, मृगौला रोग,<br>स्नायु, आँखा, हाडजोर्नी, मानसिक सेवा |

(ख) संस्थामा प्रयोग हुन आवश्यक उपकरणहरूका विवरण (संलग्न गर्ने):

(१)...................................................................................................

(२)...................................................................................................

(३)...................................................................................................

(४)...................................................................................................

(ग) संस्थामा सेवा पुऱ्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने):

(१)विशेषज्ञ : नाम :

पद :

योग्यता : पार्टटाइम : फुलटाइम :

(२) प्राविधिक : नाम :

पद :

योग्यता : पार्टटाइम : फुलटाइम :



स्थानीय सरकार ... थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

(३) प्रशासनिक : नाम :

पद :

योग्यता : पार्टटाइम : फुलटाइम :

नोट:

(१) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने । सम्बन्धित परिषदको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) कर्मचारीहरूको योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारको स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

(४) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ४

### स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिने निवेदनको ढाँचा

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

१. संस्थाको नाम :- शैया संख्या :-

२.साधारण सेवा/विशेषज्ञ सेवा अस्पतालमा कुन हो उल्लेख गर्ने :-

३. संस्थाका ठेगाना (पत्राचार गर्ने ठेगाना) :-

पालिका :- वडा नं. :- टोल :- जिल्ला :-
ब्लक नं. :- टेलिफोन न. :-

४. संस्था खोल्ने व्यक्तिहरु :-

नाम :- नागरिकता नं. :- ठेगाना :- फोन नं. :- मोबाइल नं. :-

५. संस्थाका वित्तीय स्रोत :-

क. निजी :-

ख. शेयर कर्जा लिइ:-

ग. सरकारी :-

घ. गैर सरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सो उल्लेख गर्ने :-
वित्तीय लगानी :-(लागत) रु.

क. भवन तथा जग्गाका लागि :-

औजार उपकरण :- जनशक्ति :- अनुमानित आम्दानी :- आम्दानी स्वदेशी :-
बिदेशी :-

अचल सम्पत्तिका स्रोत :- अनुमानित मुनाफा :-

मासिक :- त्रैमासिक :- वार्षिक :-

६. नर्सिङ्ग होम तथा निजी अस्पतालको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन- कुन सेवा पुऱ्याउने हो ?खुलाउने ।

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य सेवा |
|---|---|---|---|
| एक्स-रे | खोप | प्रसूति तथा स्त्रीरोग | एम.सि.एच क्लिनिक |
| प्याथोलोजी ल्याव | परिवार नियोजन | जनरल मेडिसिन | |
| अल्ट्रासाउण्ड | आहार विहार | विशेषज्ञ सेवा | |



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

७. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको बिवरण तथा स्रोत :-

(क)

(ख)

(ग)

८. संस्थामा सेवा पुऱ्याउन कर्मचारीहरुका बिवरण सम्बन्धित मापदण्ड अनुसार -

(क) विशेषज्ञ :-

नाम पद

योग्यता पार्टटाईम फुलटाईम

(ख) प्राविधिक :-

नाम पद

योग्यता पार्टटाईम फुलटाईम

(ग) प्रशासनिक :-

नाम पद

योग्यता पार्टटाईम फुलटाईम

नोटः

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुको संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्ने ।

३) सबै शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्नहुनुपर्ने ।

६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

७) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने

**नोटः स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा सलग्न गर्नुपर्ने कागजातहरु**

१.निवेदन फारम

२. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलपि

३. संस्था/कम्पनीको विधान/प्रवन्धपत्र, नियमावलीको प्रतिलिपि

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

४. स्थायी लेखा दर्ता प्रमाण-पत्रका प्रतिलिपि

५. स्थापना गर्न लागिएका ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(क) बायोडाटा

(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

(ग) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलका दर्ता प्रमाण-पत्रका प्रतिलिपि

(घ) नागरिकता प्रमाणपत्रका प्रतिलिपि

(ङ) जनशक्तिहरुका काम गर्ने समय (पार्ट टाइम/फुल टाइम किटान गर्नुपर्नेछ)

(च) मञ्जुरीनामा/कबुलियतनामा

७. औजार उपकरणका बिवरण तथा स्रोत

८. सम्पुर्ण सेवा शुल्क बिवरण

९. भौतिक सामग्रीको बिवरण

१०.प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृति पत्रका प्रतिलिपी

११. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

१२. अस्पतालको आर्थिक नियमावली

१३. अस्पतालले लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

१४. प्रदान गरिने सेवाका विवरण

१५. जग्गा/घरका स्वामित्व

१६. घर/कोठा बहालमा लिइ सञ्चालन गर्ने भए घर बहाल सम्झौता-पत्र र भवन स्वास्थ्य संस्था संचालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिश पत्र

१७. भवनका स्वीकृत नक्सा

१८.संस्थाका चल अचल सम्पत्ति बिवरण तथा वित्तीय स्रोत

१९. संस्थाका कार्य योजना (Scheme)

२०.एब्ल मा दर्ता नम्बर:

२१. कर चुक्ता प्रमाण पत्र (लागुहुने अवस्थामा मात्रै)

२२. लेखापरीक्षण प्रतिवेदन-लागुहुने अवस्थामा मात्रै)

२३. बिरामी बडापत्रका नमुना

२४. सम्बन्धित निकायका भवन संहिता सम्बन्धी स्वीकृतिपत्र

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

२५. रु. १० को हुलाक टिकट

२६. मूल्य अभिबृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र

२७. भवन निर्माण सम्पन्न प्रमाणपत्र

२८.सम्बन्धित निकायबाट भवनका नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिताका मापदण्ड बमोजिम भएका स्वीकृतिपत्र

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५

## स्वास्थ्य क्लिनिक/रेडियोईमेजिङ सेवा/पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदनको ढाँचा

(दफा ५ को उपदफा(१) सँग सम्बन्धित)

१. संस्थाको नाम :- शैया संख्या :-

२. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना) :-प्रदेश :- पालिका. :-
वार्ड नं. :- ब्लक नं :- जिल्ला :- टेलिफोन न. :- पो.व.नं. :-

३. संस्था खोल्ने व्यक्तिहरु :-नाम :- नागरिकता :-
ठेगाना :- फोन नं. :-

४. संस्थाका वित्तीय स्रोत :-

क. निजी :- ख. शेयर कर्जा :- ग. वैदेशिक :-

घ. गैर सरकारी :- ङ. सामुदायिक :- च. अन्य

५. संस्थाका क्षमता तथा बिस्तृत कार्य योजना :-

६. सेवा शुल्क .अलग र स्पष्टसँग) खुलाउने :-

७. संस्थामा सेवा हुन आवश्यक उपकरणहरुका बिवरण तथा स्रोत :-

८. संस्थामा सेवा पुऱ्याउन जनशक्ति बिवरण :-

संख्या/योग्यता/अनुभव/पार्टटाईम/फूलटाईम/अन्य सुविधा

सामान्य चिकित्सक : विशेषज्ञ चिकित्सक : अन्य प्राविधिक :

नोट :

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुको संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्ने ।

३) संस्थामा कार्य गर्ने कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने, सम्बन्धित परिषदका प्रमाणपत्रहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४) कर्मचारीहरुका योग्यताको प्रमाणित प्रतिलिपिहरु संलग्नहुनुपर्नेछ ।

५) नेपाल सरकारमा कार्यरत कर्मचारी संलग्न हुनु भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ६

## स्वास्थ्य संस्था स्थापना तथा नविकरण अनुमति दस्तुर

(दफा ८ र ९ को उपदफा (२) संग सम्बन्धित

| सि.न | संस्थाका किसिम . | शुल्क निर्धारण इकाइ | स्थापनाका लागि दस्तुर रकम रु | नविकरणका लागि दस्तुर |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिङ्ग होम | शैया सख्या | प्रतिशैया रु. १०,०००।- | प्रतिशैया रु. २०००।- |
| २ | डायग्नोस्टिक सेन्टर | सेवाप्रकार | प्रति सेवा रु. १०,०००।- | प्रति सेवा रु. ५,०००।- |
| ३ | पोलिक्लिनिक/क्लिनिक | सेवाप्रकार | प्रति सेवा रु. १०,०००।- | प्रति सेवा रु. २,०००।- |
| ४ | आयुर्वेद अस्पताल/ वैकल्पिक चिकित्सा | शैया संख्या | प्रति शैया रु. ५,०००।- | प्रति शैया रु. २,०००।- |
| ५ | आयुर्वेद क्लीनीक | सेवा प्रकार | प्रति सेवा रु १०,०००। | प्रति सेवा रु २,०००। |

स्थानीय सरकार
भद्रपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ७

## स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको विरामी बडापत्रको ढाँचा

(दफा १५ उपदफा (१) को बुँदा (ट) संग सम्बन्धित)

| सि.न. | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ८

## स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागिचिकित्सकतथा स्वास्थ्यकर्मीको विवरणकोढाँचा

(दफा १५ उपदफा (१) को बुदा (थ) संग सम्बन्धित)

| सि.नं | स्वास्थ्यकर्मीको नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३